# दलित र सकारात्मक उपाय



यामबहादुर किसान

एक्सनएड नेपाल    नेशनल स्कूल अफ रिसर्च

## एक्सनएड

एक्सनएड विश्वका ४५ भन्दा बढी देशमा सबैभन्दा गरिब तथा पछाडि पारिएका मानिसको जीवनस्तर सुधार्न तथा आत्मसम्मानित जीवन जियाउन प्रतिबद्ध र क्रियाशील अन्तर्राष्ट्रिय संस्था हो । यो संयुक्त अधिराज्यमा सन् १९७२ मा स्थापना भई सन् २००३ मा विश्वव्यापी संस्थाको रूपमा नेदरल्याण्डको 'द हेग' मा दर्ता भएको हो । यसको अन्तर्राष्ट्रिय सचिवालय दक्षिण अफ्रिकाको जोहनेसवर्गमा छ भने यसका विश्वभर ४ लाखभन्दा बढी सहयोगीहरू रहेका छन् ।

एक्सनएड नेपालमा सन् १९८२ देखि कार्यरत छ । अति गरिब तथा पछाडि पारिएका महिला, पुरुष तथा बालबालिकाको सशक्तीकरण गरी गरिबी निवारण गर्नु एक्सनएड नेपालको परिलक्ष्य हो । विगतका वर्षहरूमा सामुदायिक तथा अन्यस्तरमा भएका सहकार्यको परिणामस्वरूप यसको कार्यमा विभिन्न प्रकारका परिवर्तनहरू भएका छन् । त्यसरी नै यस संस्थाको कार्यक्षेत्र तथा प्रतिबद्धतामा पनि वृद्धि भएको छ ।

सन् १९९६ देखि प्रत्येक्ष सेवा प्रदान गर्न छाडी स्थानीय गैरसरकारी संस्थाहरूमार्फत साझेदारीमा काम गर्न शुरु गरेको एक्सनएड नेपालले सन् १९९८ मा अधिकारमुखी कार्यशैली अवलम्बन गरेको हो । यसको मूल उद्देश्य अधिकारवालाहरूले गरिबीमाथि विजय हासिल गर्ने वातावरण सिर्जना गराउनु हो । हाल यसले दीर्घकालीन साझेदारी कार्यक्रमहरू स्थलगतरूपमा बत्तीस जिल्लामा कार्यान्वयन गरिरहेको छ भने केही विशेष साझेदारी परियोजना र करिब दुईसय भन्दा बढी संघ-संस्थाहरूसँग अल्पकालीन सहकार्य पनि गर्दै आएको छ ।

एक्सनएड नेपालका अधिकारवालाहरूमा गरिबतम् तथा पछाडि पारिएका समुदायहरू विशेषगरी भूमिहीन गरिब (कृषि मजदुर तथा सीमान्त कृषक), दलित, आदिवासी जनजाति, महिला, बालबालिका, एचआईभी तथा एड्स संक्रमित, अपाङ्ग, प्रकोप तथा द्वन्द्वपीडित र शहरी गरिबहरू (अव्यवस्थित बसोवास गर्नेहरू र अनौपचारिक क्षेत्रमा काम गर्नेहरू) पर्दछन् । स्थानीय सन्दर्भ तथा आवश्यकतामा आधारित रही एक्सनएड नेपालले मूलतः तीन सवालहरू महिला अधिकार, शिक्षा अधिकार र खाद्य अधिकारलाई प्राथमिकता दिएको छ । यसका अतिरिक्त अन्तरसम्बन्धित सवालको रुपमा मानवीय सुरक्षा, सुशासन र स्वास्थ्यको अधिकारलाई पनि महत्वपूर्ण सवालको रुपमा लिएको छ ।

गरिबतम् तथा पछाडि पारिएका जनताका तत्कालीन आवश्यकताहरू परिपूर्ति गर्न तथा यसका अधिकारवालाहरूको पक्षमा नीति र व्यवहारहरूलाई प्रभाव पार्ने हेतुले एक्सनएड नेपालले स्थानीय तथा राष्ट्रियस्तरमा विभिन्न जनवकालतका कार्यक्रमहरू गर्दछ ।

एक अन्तर्राष्ट्रिय संस्थाको शाखाको रूपमा एक्सनएड नेपाल गरिबमुखी नीति तथा गरिब र पछाडि पारिएका समुदायका अधिकारहरू सुनिश्चित गर्नका लागि महिला अधिकार, शिक्षा, एचआईभी तथा एड्स, खाद्य अधिकार, द्वन्द्व र आपतकालीन अवस्थामा मानवीय सुरक्षा तथा न्यायपूर्ण र प्रजातान्त्रिक शासन जस्ता सवालहरूमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा जनवकालत गर्न पनि सक्रिय छ ।

## नेशनल स्कूल अफ रिसर्च

नेशनल स्कूल अफ रिसर्च समाज विज्ञानका सम्पूर्ण विधाहरूमा अध्ययन-अनुसन्धान गर्ने, समाज विज्ञानका क्षेत्रमा भएका पछिल्ला अध्ययन-अनुसन्धानहरू उपर प्राज्ञिक छलफल चलाउने र अनुसन्धानमूलक लेख, जर्नल, प्रतिवेदन र पुस्तकहरू प्रकाशन गर्ने उद्देश्यले सन् २००७ मा स्थापित भई निरन्तर क्रियाशील संस्था हो । यसले आफ्नो स्थापनाकालदेखि नै शान्ति, सामाजिक समावेशीकरण, संघीयता, राज्यको पुनर्संरचना र संविधान निर्माण जस्ता समसामयिक सवालहरूमा अध्ययन-अनुसन्धान, छलफल, अन्तर्क्रिया र प्रकाशन गर्दै आइरहेको छ ।

यस संस्थाले स्थापनाको छोटो समयमै एसियाका द्वन्द्वरत र द्वन्द्वोत्तर मुलुकहरू, नेपाल, भारत, श्रीलंका, थाइल्याण्ड, भियतनाम, बर्मा, क्याम्बोडिया, इन्डोनेसिया, फिलिपिन्स र अमेरिकाका प्रतिनिधिहरूको सहभागितामा २३ देखि ३० अक्टोबर २००८ मा "हाम्रा कथाव्यथाहरू र हाम्रा चुनौतिहरू" विषयक अन्तर्राष्ट्रिय शान्ति सम्मेलन नेपालमा सम्पन्न गरी काठमाण्डौं घोषणापत्र समेत जारी गरेको छ । त्यस बाहेक नेपालमा देखिएका युद्धोत्तर द्वन्द्वको रुपान्तरण, शान्ति प्रक्रियाको तार्किक निस्कर्ष र संविधान निर्माणका सवालमा सम्वाद, सहकार्य र सहमतिको आवश्यकता र महत्व बारे सरोकारवाला पक्षहरूलाई सैद्धान्तिक, नीतिगत र विज्ञ परामर्श प्रदान गर्दै आइरहेको छ ।



**यामबहादुर किसान**, गत एकदशकदेखि नेपालको दलित आन्दोलन, सामाजिक समावेशीकरण, असल शासन, मानवअधिकार र कानुनको क्षेत्रमा अध्ययन, अध्यापन, अनुसन्धान, लेखन र सम्पादनमा निरन्तर क्रियाशील रहँदै आएका छन् । केही वर्षदेखि द्वन्द्व रुपान्तरण, शान्ति प्रक्रिया, संविधानसभा, संघीयता, राज्यको पुनर्संरचना, निर्वाचन प्रणाली र सकारात्मक उपायका वारेमा कलम चलाउँदै आएका किसानको स्वलेखन, सहलेखन र सम्पादन गरी हालसम्म आधा दर्जनभन्दा बढी पुस्तक, दर्जनौं अनुसन्धानमूलक कार्यपत्रहरु र सयौं लेखरचनाहरु प्रकाशित भइसकेका छन् ।

9789937223645

मूल्य रू. २५०/-

दलित र सकारात्मक उपाय

यामबहादुर किसान

एक्सनएड नेपाल
नेशनल स्कूल अफ रिसर्च